# ६

# सुसमाचार प्रसारप्रसार र आत्मपरिवर्तनको गवाही दिनुमा व्यक्तिगत भूमीका

**यस अध्यायको निम्ति पढ्नुहोस्: प्रेरित ४:१३,१४, यूहन्ना १:३७-५०, भजन १३९, १ पत्रुस ३:१-१५, यूहन्ना ४:३७,३८।**

***स्मरण गर्नुपर्ने पद:*** "'तिमीहरू मेरा साक्षी हौ,' परमप्रभु परमेश्वर भन्नुहुन्छ। 'मेरा सेवकहरू हुन मैले तिमीहरूलाई चुनेको छु। तिमीहरूले मलाई चिन्न र विश्वास गर्न खोज, अनि म उही हुँ भनेर बुझ।'" (यशैया ४३:१० रूपान्तरित)।

**मूल सोच**: परमेश्वरले सबै मानिसहरूलाई मुक्ति दिन प्रतिज्ञा दिनुभएको छ। त्यस मुक्तिको प्रतिज्ञा अरूले पनि अनुभव गरून् भनेर त्यतातिर ध्यानाकार्षण गराउन त्यस प्रतिज्ञामा आनन्दित हुने विश्वासीहरूले हरदम इच्छा गरिरहेकै हुन्छ।

**चर्चका विभिन्न प्रचारप्रसार गर्ने र गवाही दिने कार्यक्रमहरूद्वारा धेरै मानिसहरू येशूको सुसमाचारको बारेमा सुन्दछन्।** तर समुच्चरूपमा चर्चले गर्ने कार्यक्रमको सफलताको देन व्यक्तिगत विश्वासीमा पनि भरपर्छ भन्ने महत्त्वपूर्ण कुराको ख्याल गर्नबाट पन्छिनु हुन्न। मित्रहरू, नातेदारहरू र छिमेकीहरूले पवित्र आत्माको शक्तिको अगुवाईमा अरूका हृदयहरूलाई ख्रीष्टतिर आकर्षण गराउन अत्यन्त प्रभावशाली भूमिका खेलेका हुन्छन् भनेर विगत तिस वर्षजतिको खोजअनुसुन्धानले पत्ता लगाएको छ। चर्चका विश्वासी सदस्यहरू, मित्रहरू र नातेदारहरूको प्रभावमा येशूलाई ग्रहण गरेर कमसेकम ८३ प्रतिशत नयाँ सदस्यहरू चर्चमा थपिन्छन् भनेर खोजअनुसुन्धानले देखाएको छ। चर्चको कुनै प्रचारप्रसार गर्न कार्यक्रममा ६४ प्रतिशत जति नजिकका कुनै मित्रको निमन्त्रणामा भाग लिन आउँछन्।

बाइबलमा भएका केहि सञ्जाल अर्थात् जोशिलो विश्वासीहरूको समूहका उदाहरणलाई यस अध्यायमा प्रस्तुत गर्नेछौं। येशूसँगको हाम्रो घनिष्ट सम्वन्धले गर्दा हाम्रा नजिकका मानिसहरूलाई व्यक्तिगत रूपमा कसरी प्रभाव पार्दछन् भन्ने विषयलाई पनि यस अध्यायमा छलफल गर्नेछौं।

## १. मेरो परमेश्वर र म (प्रेरित ४:१३,१४)

हामीले प्रचार गरेको सुसमाचार अरूले सुनोस भन्ने के हामी चाहन्छौं? के हाम्रो प्रचारले सफलता पाओस् हामी भन्ने चाहना गर्दछौं? के हाम्रो गवाही अरूले ध्यानपूर्वक सुनुन् भनेर हामी चाहन्छौं? यदि चाहन्छौं भने याद गर्नुहोस्, हामीहरूको व्यक्तिगत सम्वन्ध येशूमा कस्तो छ त्यसैमा ती सबै कुरा भरपर्दछन्। गवाही दिने र सुसमाचार प्रचार गर्ने कायदाको बारेमा तालिम प्राप्त गर्न त सक्छौं, र साथै हाम्रा आफ्नै बुद्धि र बलले प्रचारप्रसार पनि गर्न सक्छौं। त्यसलाई पनि परमेश्वरले आशिष दिनुहुन्छ भन्ने कुरालाई नकार्नुहुन्न। तर हामी जे गर्छौं त्यो उहाँको काम हो र उहाँकै शक्तिद्वारा हामी गर्दछौं भन्ने कुरालाई हामीले हरदम सम्झिरहनुपर्दछ। के हामीले केवल आत्मज्ञानलाई मात्र अरूलाई बाँड्न चाहन्छौं? वा के अरूले पनि आत्मिक सम्वन्ध उल्लेखनियरूपमा गाँसुन् भनि हामी चाहन्छौं? तर हामीमा नै नभएको कुरा अरूलाई हामीले कसरी बाँड्ने? अरूलाई येशूतिर तान्न पहिला हामी नै तानिनुपर्दछ।

तर कहिलेकाँहि विश्वासमा कमजोर भएकाहरूले पनि अरूलाई येशूतिर तान्नसक्छ भन्ने उदाहरण कतैकतै नभएको पनि होइन। एउटा ठूलो शहरमा एक जना युवती एडभेन्टिस्ट चर्चमा धेरै वर्ष अघि सदस्य हुनपुगेकी थिइन्। आफ्नो भाइलाई पनि येशूतिर ल्याउन उनले धेरै प्रयास गरिन् र धेरै वर्षपछि उनको भाइले बप्तिस्मा लिए। तर एक महिनापछि त्यस युवतीले येशूलाई विश्वास गर्न छाडिन् र अहिले पनि उनले उहाँलाई विश्वास गर्दिनन्। एक फेरा विश्वासमा जोशिलो भएर प्रचारप्रसार गर्ने व्यक्ति अर्को पल्ट सेलाएर चर्चै छोडेका उदाहरणहरू प्रसस्तै छन्। तर जति हाम्रो सम्वन्ध येशूमा गाढा भयो त्यति हाम्रो गवाही बलियो र प्रभावकारी हुन्छ भन्ने तथ्यलाई हामीले कहिलै पनि बिर्सनुहुन्न।

**पत्रुस र यूहन्नाको सम्वन्ध येशूमा कस्तो थियो भनेर प्रेरित ४:१३,१४ पदहरूले कसरी देखाउँदछन्? उहाँसँगको गाढा सम्वन्धले गर्दा पत्रुस र यूहन्नाले आफ्ना काम कसरी गर्न सके? “ती मानिसहरू (पत्रुस र यूहन्ना) येशूसँग थिए भनेर ती शासकहरूले थाहा पाए" भन्ने**

**वाक्यको अर्थ के हो? ध्यानपूर्वक सोच्नुहोस्। "येशूको साथमा हुने मानिस" कस्तो हुनुपर्दछ?**

परमेश्वरको वचनमा लेखिएको पाठ अत्यन्त स्पष्ट छ। येशूलाई विश्वास गर्नेहरूको आआफ्नै क्षेत्रहरू हुन्छन् जहाँ उहाँको बारेमा सुनाउँछौं र साक्षी भएर बस्दछौं। तर येशूसँग नजिक, गाढा र शक्तिशाली सम्वन्ध राख्न उहाँले नै अगुवाई गर्नुपर्छ भन्ने आत्मज्ञान हुनु जरूरी छ।

**प्रभु येशूसँग तपाईंको व्यक्तिगत सम्वन्ध कस्तो छ? तपाईंको उपस्थिति, जीवनशैली, तपाईंले गर्ने कुराकानी, तपाईंको चालले र अरूप्रति तपाईंले गर्ने व्यवहारले तपाईं परमेश्वरको जन वा परमेश्वरको नजिक भएको व्यक्तित्व हुनुहुन्छ भनेर कसरी जानकारी दिने? मनलाई खोतलेर ती प्रश्नहरूको जवाफ दिनुहोस् त?**

## २. मेरो व्यक्तिगत मिशन अर्थात् सुसमाचार सुनाउने क्षेत्र (यूहन्ना १:३७-४२)

जब येशूले भिँडलाई देख्नु भयो तब उहाँको हृदय करूणाले भरिएको थियो। मत्ती ९:३६ पढ्नुहोस्। भिँडलाई एक ढिक्का भएको उहाँले हेर्नुभएको थियो भनेर हामीले कहिलेकाहिँ ठान्दछौं होला। अर्थात् ठूलो संख्यामा जम्मा भएको मानिसहरू उहाँको सामु साधारण जनसमूह मात्र थिए भनेर कसैले सोच्दछन्। तर उहाँले त्यहाँ प्रत्येक व्यक्तिलाई देख्नुभएको थियो जसद्वारा भिँड बन्दछ। त्यहि तरिकाले हामी पनि मानिसको भिँडमा रहन्दा बस्दा व्यक्तिगत मानिसहरूलाई चिन्नुपर्दछ। उनीहरूसँग व्यक्तिगत रूपमा जानपहिचान गर्नुपर्दछ। यदि चर्चका सदस्यहरूले एक आपसमा चिनाजानी गर्न सके भने त्यहाँ सबैले सबैलाई चिन्ने अवसर पाउँछन्।

प्रत्येक दिन हामीले देखिरहेका, कुराकानी गरिरहेका, काम गरिरहेका मानिसहरू नै यथार्थतमा हाम्रो व्यक्तिगत मिशन फिल्ड अर्थात् सुसमाचार सुनाउने क्षेत्र हुन्। हाम्रो नजिकका परिवारिक सम्वन्धबाट हामी फैलिँदै अरू नातेदार र मित्रहरूकहाँ हामी पुग्न सक्दछौं। कहिले काहिँ छोटो समयको निम्ति मानिसहरू हाम्रो सम्पर्कमा आउँछन्

जान्छन्। तर तिनीहरू पनि हाम्रो व्यक्तिगत मिशन फिल्ड अर्थात् हामीले पाएका मुक्तिको बाटो सुन्ने अधिकारमा पर्दछन्।

**यूहन्ना १:३७-४२ पढ्नुहोस्। अरू कसैलाई भन्नु अघि आन्द्र्युले आफ्नो भाईलाई मसिह भेटिएको बारेमा किन भने होलान्, सोच्नहोस्?**

आन्द्र्यु वप्तिस्मा दिने युहन्नका चेला थिए। यूहन्नाको कामचाहिँ येशूको निम्ति बाटो तयार पार्नु थियो। जब यूहन्नाले येशू नै मसिह हुन् भनेर औंल्याएका थिए तब उनका चेलाहरू येशूको पछि लाग्न थालेका थिए। येशूसँगको कुराकानीमा आन्द्र्यु (अन्द्रियास) यस्तरी अत्यन्त प्रभावित र जोशले भरिएका थिए कि उहाँको बारेमा सवभन्दा नजिकको व्यक्तिलाई भन्न तुरन्त उसलाई खोज्न गए। त्यो व्यक्ति उनको भाई पत्रुस थिए। ती दाजुभाई गलिलको समुद्रमा माछा मार्न धेरै रात सँगसँगै बिताएका थिए।

**यूहन्ना १:४३-५०मा एक आपसको सम्वन्धको बारेमा के देखाइएका छन्? नथलियलले गरेको शङ्काप्रति फिलिपको जवाफ कस्तो थियो? व्यक्तिगत रूपमा गवाही दिएर अरूलाई येशूको बारेमा बुझाउने प्रक्रियालाई उपरोक्त कथाबाट हामी के पाठहरू सिक्नसक्दछौं?**

प्रारम्भिक समयमा येशूको पछि लाग्ने अभियान कपरनम र बेथसैडाका मानिसहरूको बिचमा फैलिएको देखिएको छ। सानो तथा नाम नचलेको कृषकहरूको गाउँबाट मसिह कसरी आउलान् भन्ने नथनियलको शङ्कासँग फिलिप बादबिवाद गरेको पाइन्दैन। तर फिलिपले नथनियललाई केवल सरल तरिकाबाट “आफै आऊ र हेर" भनेर आमन्त्रण गर्दछन्।

**तपाईंको घेराको वरिपरि को छन् जसलाई असलीरूपमा तपाईं परमेश्वरको निम्ति साक्षी बन्न सक्नुहुन्छ? उहाँको लागि साक्षी बन्न तपाईं कत्तिको त्याग गर्न राजी हुनुभएकोछ?**

## ३. मेरो व्यक्तिगत खुबी (भजन १३९)

हाम्रा आत्मिक अगुवाहरूले प्रचारप्रसार र गवाही दिन स्वयँसेवकहरूको खाँचो देखाउनु स्वाभाविक नै हो। जब तिनीहरूले उपरोक्त कामको निम्ति हाम्रो स्वविवेकमा धकधकाउँछन् त प्रायजसो

हामी भन्छौं त्यस कामको निम्ति ममा खुबी छैन। प्रचारप्रसार गर्ने काममा आफू भन्दा अरू नै राम्रो छ भनेर हामी पन्छिन चाहन्छौं। अरूचाहिँ त्यस काम गर्न आफू विश्वस्त भएको र त्यस काम गर्ने मेरो खुबी छ, त्यसका म निपुण छु भनेर दावी गरेको पाइन्छ। तर त्यस काम गर्न अत्यन्त सक्षम्, अनेकन् उत्कृष्ट बरदान वा खुबीले सम्पन्न भएका मानिसहरूलाई परमेश्वरले खोजीरहनुभएको छ भनेर बाइबलले भनेको देखिन्दैन। तर आफूसँग जे खुबी र क्षमता छ त्यसलाई उहाँको महिमाको निम्ति परिचालन गर्न चाहनेहरूलाई परमेश्वर खोजीरहनुभएकोछ भनेर बाइबलले औंल्याएको पाउँछौं।

त्यस कुरालाई स्पष्ट पार्ने काममा मोसा असली उदाहरण भएको हामी पाउँछौं। मीश्र देशको दासत्वबाट इस्रायलीहरूलाई छुटाउन परमेश्वरले मोसालाई बोलाउनुभएको थियो। त्यस काममा आफू सक्षम् नभएको र आफू भन्दा अरू सामर्थवान मानिसलाई चुन्नुहोस् भनेर मोसाले धेरै बहाना बनाएर परमेश्वरको योजनाबाट पन्छिन खोजेका थिए (प्रस्थान ३:११, प्रस्थान ४:१० पढ्नुहोस्)। परमेश्वरले अराउनु भएको काम गर्न आफू असक्षम् भएको धेरै कारणहरू छन् भन्ने मोसाको दिमागमा थियो।

जब सुसमाचार प्रचारप्रसार गर्न आजका विश्वासीहरूलाई आह्वान गरिन्छ तब धेरैले मोसाको जस्तै दिमागलाई खेलाएर आफूहरू पन्छिएको हामी पाउँछौं। “त्यस्तो काम गर्न खोज्ने म कोहुँ र?", “मानिसहरूले मलाई थाहा नपाएका कठिन प्रश्नहरू सोधे भने मैले कसरी जवाफ दिने?" जस्ता कुराहरूलाई मनमा राखेर सुसमाचार प्रचार नगर्न हात बाँधेर बस्ने विश्वासीहरू कम छैन। मोसाको बहानामा परमेश्वर हाँस्नुभएको कुरालाई हामी सम्झन सक्दछौं। मोसाले ठानेको भन्दा खुबी भएको मानिसलाई आफ्नो योजना पूरा गर्न परमेश्वरले चुन्न चाहनु भएको थिएन। आफू असक्षम् भएको मोसाले महशुस गरेपनि उनमा के खुबी थिए भन्ने ज्ञान सर्वज्ञानी परमेश्वरलाई थाहा थियो। मोसामा व्यक्तिगत डर थियो होला र त्यो काम गर्न धेरै बाधाहरू आउँछन् त्यसकारण आफूमा त्यो खुबी छैन भनेर उनले दावी गरेतापनि परमेश्वरको योजनालाई साकार पार्न त्यहि व्यक्ति नै ठिक थिए भनेर परमेश्वरलाई थाहा थियो।

हाम्रो बारेमा हामीलाई भन्दा परमेश्वरलाई बढि थाहा छ भन्ने कुरालाई परमेश्वरले मोसालाई चुन्नुभएको घट्नाले पुष्टि गर्दछ। हाम्रो बितेका कुराहरूसँग परमेश्वरले सरोकार राख्नुहुन्न। तर हामीहरूको क्षमता तथा खुबीमा परमेश्वरले चासो देखाउनुहुन्छ। प्रत्येक विश्वासीमा परमेश्वरको कामको निम्ति कुनै न कुनै ठूलो खुबी भएको हुन्छ। विश्वासीहरूको आफूखुशी सक्रिय सहभागिताले परमेश्वरको काममा सहायता हुन्छ भन्ने कुरालाई कसैले पनि बिर्सनुहुन्न।

तर परमेश्वरको अगाडि दोड्न पनि हामी सचेत हुनुपर्दछ। हामीहरूको आत्मिक अवस्था कस्तो छ भनेर मनमा खोतल्नु जरुरी त छ नै। तर आफ्नो कमजोरी देखेर आफू अन्धा हुने मानव हृदयलाई पनि हामीले बुझ्नु आवश्यक छ। त्यसकारण आफ्नो असली रूप देखाउन विश्वासीहरूले परमेश्वरसँग अनुरोध गर्नु पनि जरुरी छ। अनेकन् परिक्षाबाट पनि हामी कस्ता छौं भनेर परमेश्वरले देखाउन सक्नुहुन्छ। हामीले खप्नु परेको परिस्थितिको बारेमा परमेश्वरसँग प्रार्थना गर्नु असल कुरा हो भनेर हामीहरूले ठान्नुपर्दछ। किनभने हामीले सामना गरेका परिस्थितिबाट नै हाम्रा खुबीहरूलाई प्रायजसो प्रभावित पार्दछ।

**भजन १३९ अध्याय पढ्नुहोस्। आफ्नो हृदयलाई जाँच्नुहोस् भनेर दाउदले परमेश्वरसँग किन अनुरोध गरे? केवल अरूलाई परमेश्वरको बारेमा गवाही दिन वा सुसमाचार दिनमात्र होइन, परमेश्वरसँग दिनदिनै हिंड्न पनि त्यस अनुरोध परमेश्वरसँग किन गर्नुपर्दछ? वर्तमान परिप्रेक्ष्यमा पनि त्यस भजनबाट हामी के सिक्नसक्दछौं? त्यसमा तपाईंलाई हौशला, आशा र सान्त्वना दिने तत्वहरू के छन्? फेरि त्यसै वखत तपाईंको जीवनशैलीमा कस्तो परिवर्तन आउनुपर्दछ जसले तपाईंको आत्मिक जीवन अर्थमूलक बन्छ?**

## ४. धर्मी वा उचित जीवनबाट दिने गवाही (१ पत्रुस ३:१-१५)

बोली भन्दा कामको स्वर ठूलो हुन्छ भन्ने कहावत सबैलाई थाहा छ। कुरै नगरिकन व्यवहारबाट मानिसहरूलाई सन्देश दिन सकिन्छ। तर कुनै कामकाजै नगरिकन पनि प्रभावशाली सन्देश मानिसहरूलाई दिन सकिन्छ। तर बोलेको अनुसार चल्ने व्यक्तिको

व्यक्तित्व त झन सशक्त अर्थात् प्रभावकारी शक्ति हुन्छ। हामीले परमेश्वरलाई प्रेम गर्छौं भनेर अरूलाईचाहिँ भन्छौं तर हाम्रो बोलीचाली र रहनशहनले त्यो प्रेम वा परमेश्वरप्रतिको आस्थालाई देखाउँदैन भने त्यसलाई पाखण्डी वा ढोंगी भनिन्छ। वचन र व्यवहार नमिल्ने मानिसको गवाही त झन खराब हुन्छ। अर्थात् आफूले बोलेको वचनमा आफै चल्न असक्षम् छ वा त्यससँग मिल्दैन भने त्यसले दिएको गवाही अत्यन्त नकरात्मक हुनसक्दछ।

जे काम गरेतापनि विश्वासिलो वा वचनवद्ध भएर काम गर्न सक्यो भने त्यो काम तपाईंको वचन भन्दा चर्को स्वर हुन जान्छ। तपाईंको परिवार र मित्रहरूले तपाईंको कुरा नसुनेको जस्तो हुनसक्दछ। तर याद गर्नुहोस्, तपाईंले दावी गरेको अनुसार तपाईं चल्नु भएको छ कि छैन भनेर तिनीहरू चियाइरहेका हुन्छन्। परमेश्वरप्रति तपाईंको आस्थासँग तपाईंको जीवनशैली मिल्छ कि मिल्दैन भनेर तिनीहरूले तपाईंलाई नजिकबाट हेरिरहेकाहुन्छन्।

**गैर-विश्वासीहरूलाई ख्रीष्टमा ल्याउन तपाईंको इसाई जीवनशैली कत्तिको प्रभावकारी हुन्छ भनेर १ पत्रुस ३:१-१५मा कसरी वाख्या गरिएका छन्? ती पद अनुसार हामी जीउन सक्यौं भने हामीहरूको गवाही कत्तिको प्रभावकारी हुन्छ होला, कल्पना गरौं न? व्यक्तिगत गवाहीको महत्त्व कत्तिको हुन्छ भनेर पद १५ले हामीलाई कसरी भन्दछ? मत्ती ५:१६ पनि पढ्नुहोस्।**

प्रकृति अर्थात् मानव निर्मित मुर्तीहरूलाई देवी तथा देवता मान्ने श्रीमतीले येशूलाई मुक्तिदाता भनेर विश्वास गर्दा उनलाई कस्तो सतावट आउन सक्छ होला किनभने उनको श्रीमानचाहिँ परम्परा भनेर सृष्टिकर्ताको सट्टा सृष्टिलाई देवता भनेर पूजाआज गरिरहेको हुन्छ। आफ्नो श्रीमानले येशूलाई विश्वास गरून्, चर्चमा जाउन्, बप्तिस्मा लिउन् भनेर इच्छा गरेर उनी ऊसँग कचकच, झगडा, बादबिवाद गर्न सक्छिन्। श्रीमानप्रतिको बोझले गर्दा त्यो घर अशान्तिको घर हुनसक्दछ। "मेरो श्रीमान मेरो व्यक्तिगत मिशन फिल्ड वा उहाँलाई इसाई बनाउने मेरो क्षेत्रको एक भाग हुन्" भनेर चिन्ता गर्न सक्छिन्। तर, उनी परमेश्वरमाथिको विश्वासमा अटल हुनु र उनको उचित वा धार्मिक जीवनले उनको अविश्वासी श्रीमान पनि येशूलाई विश्वास गर्न

अग्रसर गराओस् भनेर उनले आशा गरेर प्रार्थना गरून् भनेर पत्रुसले सल्लाह दिन्दछन्। स्पष्टमा भन्ने हो भने उनको दैनिक जीवनशैली वा क्रियाकलाप वा बानीव्यहोरा नै श्रीमानले हेरिरहने प्रभावकारी गवाही हुनुपर्दछ भनेर पत्रुसले आफ्नो मनशाय व्यक्त गर्दछन्।

यदि परमेश्वरबाट टाडा रहेका मानिसहरूलाई परमेश्वरको राज्यमा पसुन् भनि हामी चाहन्छौं भने हामीमा भएको ज्योति चम्कन दिनु पर्दछ। यो नै अरूलाई प्रभाव पार्ने हाम्रो महत्त्वपूर्ण काम हो। हाम्रा वरिपरि रहेका मानिसहरूले हाम्रा मिठा मिठा र राम्रा राम्रा बोलीहरू मात्र सुनाउने नभएर हाम्रो असल कामहरू पनि तिनीहरूले देख्नुपर्छ भनेर प्रवल इच्छा गर्नुपर्दछ। यदि विश्वासीको बोली र काम मिल्यो भने त्यो नै हाम्रो जीवनमा परमेश्वरले कसरी काम गरिरहनुभएको छ भनेर देखाउने गैर-विश्वासीको निम्ति प्रत्यक्ष प्रमाण हुनसक्छ। अनि, मानिसको जीवनमा परमेश्वरले कसरी काम गरिरहनुभएको छ भनेर सो जानुन् भनेर परमेश्वरको आत्माले तिनीहरूलाई घचघच्याइ रहेको हुन्छ। क्रिस्चियानिटी वा इसाई केवल हामीले ओढेको पगरिमात्र होइन भनेर मानिसहरूले हेर्नैं पर्दछ। म इसाई हुँ भनेर दावी गरेर मात्र परमेश्वरको महिमा हुँदैन। तर परमेश्वरले हाम्रो जीवनमा काम गरिरहनुभएको छ जसले गर्दा हामी आनन्दित हुन्छौं भन्ने आभास अरूलाई दिइरहनुपर्दछ। त्यसकारण हामीहरूको जीवनको उदाहरण पनि अरूलाई सिकाउने र परमेश्वरतिर डोहोऱ्याउने महत्त्वपूर्ण माध्यम हो। चाहे विश्वासीहरूले थाहा पाउन् वा नपाउन् अरूहरूले तिनीहरूको इसाईपनालाई नजिकबाट हेरिरहेकाहुन्छन्। हामी को हौं, हामी के गर्छौं, हामी के बोल्छौं आदिले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा परमेश्वरको निम्ति साक्षी बकिरहेकाहुन्छौं। यदि यसले हामीले इसाई भनेर दावीगरेकोलाई सतर्क गराउँछ वा तर्साउँछ भने त्यो मनासिव मान्नु पर्दछ।

## ५. सम्पूर्ण चर्चको निम्ति मेरो योगदान (यूहन्ना ४:३७,३८)

हामीहरूले व्यक्तिगतरूपमा प्रचार गर्ने कार्यक्षेत्र, गवाही दिने र प्रचारप्रसार गर्ने सम्भावनाहरूलाई यस अध्यायमा हेरिरहेकाछौं। चर्च भनेको कुनै भवन वा संस्थामात्र नभएर धेरै विश्वासीहरूको समूह हो भन्ने तथ्यलाई पनि हामीले बुझ्नु अत्यन्त आवश्यक छ। चर्चका प्रत्येक

विश्वासीले कुनै न कुनै रूपमा चर्चको प्रचारप्रसार गर्ने कार्यक्रम तथा लक्ष्यलाई योगदान दिइरहेको हुन्छ। मानिसहरूलाई येशूतिर तान्न तपाईंको चर्चको के कार्यक्रम छ, के तपाईंलाई थाहा छ? तपाईंको व्यक्तिगत मिशन फिल्ड वा काम गर्ने ठाउँहरूबाट मानिसहरूलाई चर्चमा आउन तपाईंले आमन्त्रण गर्न सक्नुहुन्छ। तर परमेश्वरको कामलाई अघि बढाउन आफ्नो व्यक्तिगत क्षेत्रमा तपाईंले के गरिरहनुभएको छ सो तपाईंको चर्चको अगुवाहरूलाई थाहा छ? यदि त्यो कुरा उनीहरूलाई जानकारी गरियो भने प्रार्थना र साधनबाट तिनीहरूले तपाईंलाई सहयोग गर्न सक्दछन्।

**यूहन्ना ४:३७, ३८ केलाएर पढ्नुहोस्। "एक जनाले रोप्छ, अर्कोले कटानी गर्छ" भन्ने येशूको वचनबाट तपाईंले के हौसला पाउनुहुन्छ? येशूले साँच्चिकै यहाँ के भनिरहनुभएको छ? तपाईंको आफ्नै जीवनको अनुभवमा कसरी येशूको त्यो सत्यवाणी यथार्थ सावित भइरहेको छ?**

आफूले, वप्तिस्मा दिने यूहन्ना र सामरी महिलाले रोपेका सुसमाचारको बिऊको बारेमा यहाँ येशूले छलफल गरिरहनुभएको हुनसक्छ भन्ने कुरामा ध्यान दिनु पर्दछ। अरूले रोपेको बिऊ चेलाहरूले कटानी गरिरहेको हुनसक्दछ। अनि जव बालीनाली कटानी गरेर भित्र्याउँछन् तब त्यसबेला बिऊ रोप्ने र कटानी गर्ने मानिसहरूसँगसँगै खुशियाली मनाउने अवसर पाइरहेकाहुन्छन्।

"एकले रोप्छ तर अर्कोले कटानी गर्छ" भनेर जब येशूले भन्नुभयो तब हामी प्रत्येक विश्वासी कि त बिऊ रोप्ने वा कटानी गर्ने हौं भनेर उहाँले औंल्याइरहनुभएको थियो भनेर जान्नुपर्दछ। हुनसक्छ हाम्रो चर्चले कटानी गर्न वा चर्चमा विश्वासीहरू भित्र्याउन वढि ध्यान दिइरहेका होलान्। तर यो पनि सत्य हो कि यदि बिऊ रोप्ने अर्थात् परमेश्वरको वचन फैलाउने मानिसहरू भएन भने त्यहाँ कटानी गर्ने वा चर्चमा मानिसहरू भित्र्याउने काम पनि हुँदैन। प्रत्येक विश्वासीलाई परमेश्वरको बिऊ रोप्न र कटानी गर्न आह्वान गरिएको हुन्छ। कुनै पनि स्थानिय चर्चमा कुनै न कुनै रूपमा परमेश्वरको वचन फैलिरहेको हुन्छ र विश्वासीहरू चर्चमा थपिरहेकाहुन्छन्। तपाईंले रोप्नु भएको व्यक्तिगत क्षेत्रका मानिसहरू चर्चको प्रचारप्रसार गर्ने कार्यक्रममा भाग लिन आएर

त्यहाँ परमेश्वरलाई विश्वास गर्न सक्दछन्। त्यो पनि कटानी हो। हुनसक्छ अरूले रोपेको सुसमाचारको बिऊ फलेर तपाईंकहाँ आउन सक्दछ, अनि तपाईंले तिनीहरूलाई अझ सिकाएर विश्वासी बनाउन सक्नुहुन्छ।

प्रत्येक विश्वासीले चर्चमा विश्वासीहरू थप्न कुनै न कुनै रूपमा योगदान दिनसक्छ भनेर १ कोरन्थी १२:१२-२७मा पावलले भनेको कुरालाई पढ्नुहोस्। खेतबारीमा काम गर्ने शैलीले यो पनि हामीलाई सिकाउँदछ कि अरूले नै पहिला खेत खनेको र जोतेको हुनसक्छ।

कुनै व्यक्ति चर्चको सदस्य भइसकेपछि पनि उसले परमेश्वरको वचनको बिऊ रोप्ने र कटानी गरिरहेको हुन्छ। कटानी गरेका बालीलाई खेतमा त्यसै छोड्नुहुन्न तर भकारी वा भण्डारमा जम्मा गरेर ल्याउनुपर्दछ। अर्थात् तपाईंले सुसमाचारको बिऊ रोप्दा विश्वासी भएको मानिसलाई त्यसै छोड्नु हुन्न।

**चर्चको रोप्ने र कटानी गर्ने कार्यक्रममा तपाईंले कसरी सक्रिय रूपमा भाग लिन सक्नुहुन्छ? जब अरूलाई परमेश्वरको वचन सुनाउनुहुन्छ वा गवाही दिनुहुन्छ तब तपाईंको आफ्नै विश्वास पनि बढेको तपाईंले कसरी पाइरहनुभएको छ? त्यो किन हुन्छ होला, सोच्न सक्नुहुन्छ?**

## उपसंहारः

### थप जानकारीः व्यक्तिगत सेवाकार्यको निम्ति आत्मिक तयारी

गवाही दिन र प्रचारप्रसार गर्न बाइबलको आत्मज्ञान अत्यन्त जरुरी छ भन्ने कुरालाई हामी कहिले पनि नकार्दैनौं। त्यसकारण हामी आफै पनि आत्मिक ज्ञानमा तयार हुन वेवास्ता गर्नुहुन्न। व्यक्तिगत आत्मिक बुद्धि वा ज्ञानमा हामी बढ्न चाहन्छौं भने पवित्र आत्मामाथि भर पर्नु अत्यन्त अनिवार्य छ। प्रचारप्रसार गर्ने अभियानमा यदि हामीलाई पवित्र आत्माको शक्ति चाहन्छौं भने उहाँको अगुवाइमा हामीहरूको मन हरदम खुला राखिछोड्नुपर्दछ।

जब हामी परमेश्वरको सेवा गर्न सुरू गर्दछौं तब हामीहरूमा आत्मिक आवश्यकताहरूको महशुस हुन्छ। अनि त्यसलाई पूर्ती गर्न पवित्र आत्मासँग अनुरोध गर्दछौं र त्यो उहाँले पूरा गर्नुहुन्छ। अनि

परमेश्वरको कामको निम्ति निरन्तरता दिन पवित्र आत्माले नै जोश जाँगर, बुद्धिज्ञान दिनुहुन्छ।

इसाई जीवनलाई परिपक्व बनाउने साँचो नै परमेश्वरको इच्छामा हामी समर्पित हुनु हो। दैनिक जीवनमा ख्रीष्टको अनुग्रह प्राप्त गर्न आफ्नो भाऊ खोज्न छोड्नुपर्छ। आफ्नो स्वार्थलाई त्याग गर्न राजी हुनुपर्दछ। यसलाई ख्रीष्टमा मर्नु भनेर पावलले भन्दछन् (१ कोरन्थी १५:३१)। अनि दिनदिनै ख्रीष्टले हामीलाई के दिनुभयो र उहाँले दिनुभएको बरदानको मोल हामीले कसरी चुकाउने भन्ने आत्मज्ञानमा सजग भइरहनुपर्दछ।

**चिन्तनमननः**

अ. अरूलाई येशूकहाँ ल्याउन एलेन जी ह्वाइटले यो चुनौती दिनुहुन्छः "तपाईंको ज्ञान र तपाईंले के गर्नुभयो त्यसमा तपाईंको सफलता भर परिन्दैन। तर मानिसको हृदयमा तपाईं पस्न सक्ने क्षमतामा तपाईंको सफलता भरपर्छ भन्ने कुरालाई तपाईंले महत्त्वपूर्ण मान्नुपर्दछ।"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स,* पृ. १९३बाट रूपान्तरित। एलेन जी ह्वाइटले के मूल कुरालाई हामीलाई जानकारी दिइरहेकिछिन्? हामीहरूको नकारात्मक जीवनशैली वा व्यवहारले कति मानिसहरू परमेश्वरबाट फर्केकाछन्, के त्यो तपाईंले याद गर्नुभएको छ? यदि मानिसले आफ्नो हृदयको ढोकालाई वन्द गरियो भने हामीहरूको बाइबलको शिक्षादिक्षाले उसलाई प्रभाव पार्छ भन्ने छैन। मानिसको हृदयमा हामी कसरी पस्ने? प्रचार गर्ने वा वचन बाँड्नेमात्र नभएर हामीहरूले दावी गरेका कुरा अनुसार हामी जीउनु कत्तिको महत्त्वपूर्ण छ?

आ. यहाँ व्यक्त गरिएको मनतव्य गहिरिएर सोच्नुहोस्: "दयाले भरिएको ज्योतिको अन्तिम किरण, परमेश्वरको अनुग्रहको अन्तिम बाणी यस संसारमा दिनुभनेकै उहाँको प्रेमिलो चरित्रको उदाहरण देखाउनु हो।

परमेश्वरका छोराछोरीहरूले उहाँको महिमा देखाउनुपर्दछ। तिनीहरूकै जीवन र चरित्र तथा व्यवहारमा परमेश्वरको अनुग्रहले कसरी काम गरिरहेकाछन् भनेर देखाउनुपर्दछ।"-एलेन जी ह्वाइट, क्राइष्टस् अवजेक्ट लेसनस्, पृ. ४१५, ४१६बाट रूपान्तरित। एलेन जी ह्वाइटले दिनुभएको निर्देशन अर्थात् परमेश्वरको महिमालाई हामीले दैनिक जीवनमा कसरी देखाउने? बिगत २४ घण्टाको दौरानमा तपाईंको जीवनबाट परमेश्वरको महिमालाई कसरी देखाउनुभयो? तपाईंको जीवनशैली वा व्यवहारले तपाईं येशूभक्त हुनुहुन्छ भनेर कसरी देखाइरहनुभएको छ? तपाईंको स्थानिय चर्चले कसरी परमेश्वरको महिमा देखाउन सक्दछन्?